| २०७७ बैशाख देखि साउन २ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १०६ | ४३ | ८५ | ६ | ६ | ३ | ४७ | ० | १६१ |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि साउन २ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १०४ | ४३ | ८४ | ३ | ५ | १ | १७ | ० | ४२ |

# दैनिक विपद् बुलेटिन

२ साउन विहान १०:०० बजेदेखि ३ साउन विहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर ६ स्थानमा **आगलागी**, **२ स्थानमा शर्पदंश**, **१ स्थानमा अविरल वर्षा र १ घरमा** जंगली हात्ती आई अन्नपात नष्ट गरेको छ । यी घटनामा परेर **५** जना **घाईते** भएका छन् ।

| मृत्युसंख्या | हराएको | घट्नासंख्या | घाइते | अनुमानित क्षति रु. | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| - | - | १० | ५ | ६,७५,००० | - | - |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का १० वटा घट्नाहरु भएका छन् ।
- **दैलेख**को ठाटिकाध गाउँपालिका वडा नं.३ खुरखुरेमा अविरल वर्षाका कारण एउटा घर भत्किँदा **एक जना व्यक्तिको ढाँड** भाचिएको र अर्को एक व्यक्तिको टाउकोमा चोट लागि **घाईते** ।
- **दाङ**को तुलसीपुर उपमहानगरपालिका वडा नं. ६ राजापुरमा एक बालिकालाई आफ्नै घरको कोठामा सुतिरहेको अवस्थामा **सर्पले टोकी घाईते** ।
- **रुकुम पश्चिम**को चौरजहारी नगरपालिका वडा नं. २ मा बस्ने एक व्यक्तिलाई सर्प मार्ने क्रममा दाहिने हातमा **टोकी घाईते** ।
- **बारा**को कोल्हवी नगरपालिका वडा नं. ८ मिलन चौकमा रहेको **एउटा** गोठमा लामखुट्टे धपाउन बालेको आगोबाट गोठ भित्र रहेको परालमा अचानक **आगलागी** हुँदा गोठ जली **१ लाख ५० हजार रुपैयाँ** बरावरको क्षति र गोठमा रहेको भैसीलाई निकाल्ने क्रममा **एक व्यक्तिलाई** आगोले पोलि **घाईते** ।
- **धनुषा**को जनकपुर उपमहानगरपालिका वडा नं. ४ कटैया चौरीको एकघरको भान्सा कोठामा खाना पकाउने क्रममा ग्याँस लिक भई **आगलागी** हुँदा **१ लाख रुपैयाँ बरावर**को क्षति ।
- **चितवन**को भरतपुर महानगरपालिका वडा नं. ९ बसपार्कमा टाँडीबाट नारायणगढ तर्फ आउदैं गरेको एउटा स्कुटी गुडिरहेको अवस्थामा अचानक **आगलागी** हुँदा स्कुटी पुर्णरुपमा क्षति ।

## घट्ना सारांश...

- **कैलाली**को घोडाघोडि नगरपालिका वडा नं.९ को एक गोठमा लामखुट्टे धपाउन बालेको आगोबाट **आगलागी** हुँदा गोठ र गोठमा रहेको अन्नपात नष्ट ।
- **झापा**को बिर्तामोड नगरपालिका वडा नं. १ पश्चिम स्टेण्डमा **एउटा रेष्टुरेन्टमा** ग्यांस लिक भई अचानक **आगलागी** हुँदा **१५ हजार रुपैयाँ** बराबरको क्षति ।
- **मोरङ**को उर्लाबारी नगरपालिका वडा नं. २ सालबारीको एक घरमा जंगली हात्ती आई घरको बरण्डामा राखिएको अन्नपात खाई **१० हजार रुपैयाँ** बराबरको क्षति ।
- **बर्दिया**को गुलरिया नगरपालिका वडा नं. ६ एउटा गोदाम कोठामा बिजुली लाईन सर्ट भई **आगलागी** हुँदा **४ लाख रुपैयाँ** बराबरको क्षति ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट शर्पदंश र अविरल वर्षाका कारण घर भत्किएर घाइते भएका व्यक्तिहरुलाई स्थानीय स्वास्थ्य उपचार केन्द्रहरुमा पुर्याइएको, स्थानीयको सहयोगमा आगो नियन्त्रणमा लिइएको ।

## वर्षाको सारांश

साउन ०२ गते बिहान ०८:४५ बजे देखि साउन ०३ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०४/०३ गते बिहान ०८:४५ बजे २१७ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ५४ र स्वचालितः १६३) मा मापन गरिएको वर्षाको विवरण अनुसार १५५ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (११९ मि. मी.) सप्तरी जिल्लाको राजबिराज केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये ५ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, १५ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, ३७ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ७६ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि [www.dhm.gov.np/climate/](http://www.dhm.gov.np/climate/)मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

श्रावण-३ (शनिबार) ( विहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव बढ्दो हुने तर सतर्कता तलै हुने । महाकालीको सहायक नदी रंघुन, चमेलिया लगायतमा बहाव सतर्कता आसपास सम्म पुग्ने पूर्वानुमान छ ।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई लगायतमा बहाव बढ्दो हुने तर सतर्कता तलै हुने । **कन्काई, कमला, बागमती, तिनाउ, पश्चिम राप्ती, बबई, मोहनाका केहि स-साना सहायक नदीमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने संभावना रहेको छ ।**
- आज ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, उदयपुर, सप्तरी लगायत प्रदेश २ को सबै जिल्लाहरु, सिन्धुली, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, मकवानपुर, चितवन, नुवाकोट, काठमाण्डौ उपत्यका, गोरखा, धादिङ, नवलपरासी, लम्जुङ, तनहूँ, स्याङ्जा, पर्वत, कास्की, म्याग्दी, बागलुङ , गुल्मी, अर्घाखाँची, रोल्पा, प्यूठान, रूकुम, रूपन्देही, कपिलबस्तु, दाङ, बाँके, बर्दिया, सुर्खेत, दैलेख, जाजरकोट कैलाली, कञ्चनपुर, डडेलधुरा, डोटी भई बहने स-साना नदीमा आकस्मिक बहावको संभावना रहेको छ ।

**आगामी ३ दिन सम्म कन्काई,कोशी,कमला,बागमती,नारायणी, बबई, पश्चिम राप्ती लगायत र प्रदेश १,२, बागमती, गण्डकी र प्रदेश ५ भई बहने नदीमा बाढीको उच्च जोखिम, कर्णाली र सुदूरपश्चिम भई बहने नदीमा मध्यम जोखिम**

नोट: पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङले उच्च जोखिमको संकेत गर्छ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/